# लागु औषध नियन्त्रण ब्यूरो

**कोटेश्वर, काठमाण्डौं**

**(प्रशासन शाखा)**

आ.व. : २०८२/०८३  
प्रेस विज्ञप्ति नं. : ४७३

मिति: २०८३।०४।२१ गते।  
ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### थाईल्याण्डको गाँजा ओसारपसार गर्न भारतिय गाडीको प्रयोग ५ के.जी. ५०० ग्राम सहित २ जना भारतिय नागरिक पक्राउ

मिति २०८३।०४।२० गते लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले लागु औषध कारोवार हुन सक्ने उच्च जोखिमयुक्त स्थानहरुको निगरानी गर्ने क्रममा जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. २६ नयाँ बसपार्क स्थितमा २ जना भारतिय नागरिकहरु सुटकेस साथमा लिई सँगै उभिरहेको अवस्थामा फेला पारी चेकचाँज गर्ने क्रममा RENKU MEHEN ले समाई राखेको सुटकेसभित्र लुकाई राखेको थाईल्याण्डको गाँजा ५ के.जी. सहित पक्राउ गरी प्रारम्भिक सोधपुछको क्रममा RENKU MEHEN ऐ.ऐ. मितिमा थाईल्याण्डबाट काठमाण्डौ आएको तथा MOHAMMAD HASNAIN समेत ३ जना बरामद भएको गाँजा रिसिभ गर्न UTTAR PRADESH, LUDHIANA बाट UP 38AP 1973 नम्बर प्लेटको भारतिय गाडी लिई काठमाण्डौ आएको खुलेकोले उक्त गाडी र अन्य २ जनाको खोजतलास गर्ने क्रममा उल्लेखित गाडी जिल्ला धादिङ धुनेवेशी न.पा. वडा नं. ९ कानाकोट स्थित पृथ्वी राजमार्गको सडक छेउमा बेबारिसे अवस्थामा पार्किङ गरी राखेको फेला पारी खानतलासी गर्दा गाडीको पछाडीपट्टीको सिटमुनी लुकाई राखेको अवस्थामा थाईल्याण्डको गाँजा ५०० ग्राम फेला पारी बरामद गरिएको तथा फरार रहेका २ जनाको खोजतलास जारी रहेको।

**निम्न :-**

**पक्राउ प्रतिवादीहरुको विवरण :**

१. देश भारत UTTAR PRADESH, LUDHIANA ठेगाना भएका वर्ष ४३ को RENKU MEHEN.

२. देश भारत UTTAR PRADESH, JOYA ठेगाना भएका वर्ष ३२ को MOHAMMAD HASNAIN.

**बरामद दशी (सामान) को विवरण :**

१. लागु औषध थाईल्याण्डको गाँजा ५ के.जी. ५०० ग्राम

२. UP 38AP 1973 नम्बरको भारतिय गाडी थान १

३. Passport थान १

४. मोवाईल थान २

**नोटः-**

- थाईल्याण्डबाट RENKU MEHEN लाई गाँजा पठाउने सहुलत खान र भारतिय गाडी लिई गाँजा रिसिभ गर्न आउने हाल फरार साहादत खान आफ्नै दाजुभाई भएको खुल्न आएको।
- उक्त गाडी यसभन्दा अगाडी २ पटक नेपाल आई थाई गाँजा भारत लगी सकेको खुल्न आएको।





**प्रवक्ता/ सूचना अधिकारी**  
**(दुर्गा राज रेग्मी)**  
**प्रहरी उपरीक्षक**